सरावल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सरावल, नवलपरासी (ब.सु.पू.)
लुम्बिनी प्रदेश, नेपाल

मिति २०८०।०२।१८ गते बसेको कार्यपालिका बैठकका निर्णयहरु.

| क्र.सं. | शाखा | निर्णयको संक्षिप्त ब्यहोरा |
|---|---|---|
| १ | प्रशासन शाखा | ➢ मिति २०७९।०१।२९ को कार्यपालिकाको निर्णय समिक्षा गर्ने । |
| २ | विपद् व्यवस्थापन शाखा | ➢ बिपन्न आवास निर्माण प्रयोजनको लागि यस कार्यालयवाट मिति २०८०।२।२ गते जारी गरेको सूचना वमोजिम प्राप्त निवेदन माथि अनुगमन गरी लाभग्राही छनोट गर्न देहाय वमोजिम अनुगमन समिति गठन गर्ने ।<br>• संयोजक- वासमती हरिजन चमार<br>• सदस्य- वडा नं.४ को अध्क्षय वा प्रतिनिधि ।<br>• सदस्य- वडा नं.७ को अध्क्षय वा प्रतिनिधि ।<br>• सदस्य- योजना शाखामा काम गर्ने कर्मचारी ।<br>• सदस्य सचिव- विपद् व्यवस्थापन फोकल पर्शन ।<br>➢ झरही नदी बडसार पुल आसपासमा मर्मत संभार विपत् व्यवस्थापन कोषवाट गर्ने । |
| ३ | महिला वालवालिका शाखा | ➢ सरावल गाउँपालिका वडा नं.१ साविक तिलकपुर गा.वि.स.लाई वालमैत्री घोषणा गर्न बालसंजाल तिलकपुरले जम्मा गरिएको रकम बालमैत्री वडा घोषणा गर्ने प्रयोजनको लागि खर्च गर्ने जिम्मा शाखा प्रमुखलाई दिने । |
| ४ | शिक्षा युवा तथा खेलकुद शाखा | ➢ गाउँ शिक्षा योजना २०७९-२०८४ स्विकृत गर्ने ।<br>➢ जनता मा.वि.मनरीका मा.वि.तृतिय श्रेणीका शिक्षक श्री प्रदिप चौधरीको (हाल महेन्द्र मा.वि.सरावल-३ मा कामकाज) जनता मा.वि.मनरीको लेखा परिक्षण प्रतिवेदन वमोजिम असुल उपर वेरुजु सम्वन्धित विधालयको खातामा निजको तलव भत्तावाट जम्मा गराई वाँकी तलव भत्ता निजलाई प्रदान गर्ने । |
| ५ | योजना अनुगमत तथा मुल्याङ्कन शाखा | ➢ सरावल-२ मनरी स्थित शिव मन्दिर मर्मत संम्भार संघिय सर्सत अनुदान अन्तर्गत सम्झौता भई कार्य सम्पन्न भएकोमा उक्त निर्माण गरिएको मन्दिर ब्यक्तिगत जग्गामा पर्ने भएकोले उक्त मन्दिरले चर्चेको जग्गा मनरी १क |

दुर्गा घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

सुखाडी प्रसाद चौधरी थारु
अध्यक्ष

| | | |
|---|---|---|
| | | कि.नं.१७ र साविक मनरी २ख कि.नं.११ जग्गा मालपोत कार्यालयमा रोक्का राखी उपभोक्ता समितिलाई भुक्तानी दिने । |
| ६ | प्रशासन शाखा । | ➢ यस गाउँपालिकाले आ.व.२०८०।०८१ को लागि नीति तथा कार्यक्रमको लागि मस्यौदा तयार गरी राजनीतिक दल, सरकारवाला ब्यक्तिहरुसँग अन्तरक्रिया गर्ने निर्णय गरियो । |
| ८ | महिला वालवालिका शाखा | ➢ कडा रोगी मृगौला प्रत्यारोपण गरेका,डायलाइसिस गरिरहेका,क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई संघिय सरकारवाट प्राप्त रकमलाई गाउँपालिकाको संञ्चित खातामा आम्दानी गरी कार्यविधि वमोजिम सम्वन्धित ब्यक्तिको खातामा भुक्तानी गर्ने निर्णय गरियो । |
| ९ | पुर्वाधार शाखा | ➢ बाँसा चोकदेखी बाँसा गाउँजाने वाटोमा प्राविधिक नापँजाँच वमोजिम मर्मत संम्भार कोषवाट मर्मत गर्ने । |
| १० | स्वास्थ्य शाखा | ➢ मनरी स्वास्थ्य चौकीमा कार्यरत अ.न.मि.मिना कुमारी चौधरी थारुले सुरक्षित गर्भपतन सेवा सम्वन्धि एम.ए.तालिम प्राप्त गरेकोले निजलाई सुरक्षित गर्भपतन सेवा संचालन गर्न स्वास्थ्य कर्मी सूचिकृत गर्ने । |
| ११. | प्रशासन शाखा | ➢ मिति २०८०।०१।३१ गते कार्यालयमा घटेको घटना प्रति गाउँकार्यपालिका गम्भिर आपत्ति सहित बारम्वार एकै ब्यक्तिवाट घटना घटाउने कार्यले कार्यालयको वातावरणमा प्रभाव परेकोले उक्त ब्यक्तिलाई अन्यत्र सरुवा/कामकाज भै पठाउन संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्रचार गर्ने । |

दुर्गा पौडेल
प्रमुख प्रशासकीय अधिकृत

सुखाडी प्रसाद चौधरी थारु
अध्यक्ष